घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बंगुरका पाठापाठी खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना
सूचना प्रकाशित मिति:- २०७[illegible]।१३ गते

घोराही उपमहानगरपालिका पशु सेवा शाखाको आ.ब. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषकहरुलाई लागत सहभागितामा बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि बंगुरका पाठापाठी खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

शर्तहरु—:

1. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र यस घोराही उपमहानगरपालिका दाङबाट जारी बोलपत्र फारम खरिदका लागि तपशिलमा उल्लेखित बोलपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) चालू आ.व. को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र तथा आ.व. २०७६।७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी उपमहानगरपालिकाको कार्यालयबाट बोलपत्र गर्न सकिनेछ।
2. बोलपत्र खरिदका लागि तोकीएको दस्तुर नेपाल बैंक घोराही शाखामा घोराही उपमहानगरपालिकाको आन्तरिक राजश्व खाता —नं. ०२७०३००००१००१००००१ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गरी खरिद गर्नुपर्ने छ।
3. खरिद गरिएको बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको दिनको १२ बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं समेत स्पष्ट खुलाई आधिकारिक सही र फर्मको छाप लगाई उल्लेखित समय भित्र यस उपमहानगरपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ।
4. दर्ता भएका बोलपत्रहरु सोही (सूचना प्रकाशित भएको मितिले ३१ औं दिन) दिनको २ बजे बोलपत्र दाता वा निजको प्रतिनिधी र कार्यालयका प्रतनिधिहरुको रोहबरमा खोलिनेछ। सो समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्नेछैन। कारणवश बोलपत्र खरिद गर्ने दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको सोही समयमा हुनेछ।
5. कालो सूचीमा नपरेको स्वयं घोषणापत्र बोलपत्र साथ अनिवार्य पेश गर्नुपर्ने छ।
6. तपशिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको नाममा रहेको श्री नेपाल बैंक लिमिटेड, घोराहीको धरौटी खाता नं ०२७०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ग्यारेन्टी(विड वण्ड) संलग्न हुनु पर्ने छ । प्रस्तावकको Bid validity दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको हुनु पर्नेछ।
7. कबोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
8. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।
9. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।
10. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। अन्य कुराहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
11. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सुचना घोराही उपमहानगरपालिकाको वेभसाइट www.ghorahimun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ ।

| बोलपत्र नं | सामानको विवरण | संख्या | ल.इ(मू अ क बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|
| NCB/GOODS/GSMC/11/077/078 | बंगुरका पाठापाठी (Piglets) खरिद | ४८० | २४,००,००० | ६०,००० | ३,००० |

प्रमुख प्रशासकीय अधिकृत